श्रीमान् प्रमुख कर प्रशासक श्री पदम कुमार श्रेष्ठबाट मिति २०८२।०५।०२ मा स्वीकृत भएको:

# वार्षिक प्रगति प्रतिवेदन

# आ.व.२०८१/०८२

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

## मध्यमस्तरीय करदाता कार्यालय,

बबरमहल, काठमाडौं।

भदौ, २०८२

# विषय सूची


| सि.नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | कार्यकारी सारांश | |
| १ | सामान्य जानकारी | १ |
| १.१ | परिचय | १ |
| १.२ | उद्देश्य | २ |
| १.३ | नीति तथा कार्यक्रम | २ |
| १.४ | मुख्य कार्यहरु | ३ |
| १.५ | संगठनात्मक संरचना र जनशक्ति विवरण | ४ |
| २ | शाखागत प्रगति विश्लेषण | ७ |
| २.१ | करदाता सेवा शाखा | ७ |
| २.२ | कर संकलन शाखा | १३ |
| २.३ | अनुसन्धान शाखा | १९ |
| २.४ | कर परीक्षण शाखा | २३ |
| २.५ | आन्तरिक प्रशासन उपशाखा | २८ |
| २.६ | आर्थिक प्रशासन उपशाखा | २९ |
| ३ | कार्यालयको समष्टिगत प्रगति बिश्लेषण | २९ |
| ४ | समस्या तथा चुनौतिहरु | ३० |
| ५ | आगामी कार्यदिशा | ३१ |

# कार्यकारी सारांश

- आन्तरिक राजस्व विभाग अन्तर्गत कर राजस्व परिचालनमा क्रियासिल ८४ कार्यालयहरुमध्ये मध्यमस्तरीय करदाता कार्यालय पनि एक हो। पचास करोडदेखि एक अर्ब रुपैयाँसम्मको वार्षिक कारोबार गर्ने करदाताहरुको गुणात्मक कर प्रशासन गर्ने जिम्मेवारी यस कार्यालयलाई तोकिएको छ।
- करदातामैत्री सेवा प्रवाह, कार्य प्रक्रियामा सूचना प्रविधिको प्रयोग एवं स्वचालित प्रणालीको अनुशरणले कार्यसम्पादन गुणस्तरमा अभिवृद्धि भएको छ। कर सहभागिता एवं कर कानूनको परिपालना र जोखिममा आधारित करपरीक्षण/अनुसन्धानलाई प्राथमिकतामा राखी कार्यसम्पादन हुँदा राजस्व संकलनमा अनुकूल परिस्थिति विकास हुँदै गएको छ ।
- EIMS अनुसार आ.व.२०८१/८२ मा लक्ष्यको १४८ प्रतिशत आय विवरण र ३७५ प्रतिशत टिडिएस विवरण दाखिला भएको छ।यसै गरी द्रुत कर परीक्षणमार्फत रु.२ करोड ५३ लाख राजस्व संकलन भई लक्ष्यको २६४ प्रतिशत प्रगति भएको छ।
- राजस्व संकलन लक्ष्य रु.२४ अर्ब १३ करोड ४ लाख रहेकोमा रु.१८ अर्ब ४१ करोड २५ लाख राजस्व संकलन भई लक्ष्यको तुलनामा ७६.३० प्रतिशत प्रगति हासिल भएको छ।
- २१ करदाताको विस्तृत अनुसन्धान गरी आयकरतर्फ रु.२८ करोड ५५ लाख १० हजार र मू.अ.करतर्फ रु.३ करोड १६ लाख ७१ हजार कर निर्धारण गरिएको छ।
- यसैगरी ४५३ आय विवरणको कर परीक्षण कार्य सम्पन्न गरी आयकरतर्फ रु.१ अर्ब ५ करोड ६२ लाख तथा मू.अ.करतर्फ रु.२० करोड ५४ लाख र अन्तःशुल्कतर्फ रु.५४ लाख कर निर्धारण भएको छ। त्यस्तै कर परीक्षणबाट रु.१२ अर्ब ४१ करोड नोक्सानी घटाइएको छ ।
- कार्यालयको समग्र कार्यात्मक सूचकहरुको प्रगति ७६.८२ प्रतिशत रहेको छ।
- करदाताबाट समयमै माग भएका कागजात एवं विवरण प्राप्त नहुँदा सबै करदाताहरुको म्यादभित्रै करपरीक्षण सम्पन्न गर्न हुने कठिनाइ, बढ्दो मुद्दामा जाने प्रवृति, बेरुजु फछ्र्यौटमा लामो प्रक्रिया तथा ढिलाइ र सघन रुपमा बजार अनुगमन गर्न नसकिनु लगायतका समस्या तथा चुनौती यस आ.व.मा पनि देखिएका छन्।

# १. सामान्य जानकारी

## १.१ परिचय

आन्तरिक राजस्व विभागअन्तर्गत आन्तरिक राजस्वका स्रोतमा आधारित कर राजस्व परिचालनमा क्रियाशील ८४ कार्यालयहरुमध्ये मध्यस्तरीय करदाता कार्यालय पनि एक हो। ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालयहरुको कार्यबोझको उचित एवं वैकल्पिक रुपमा व्यवस्थापन गर्न गुणात्मक कर प्रशासनको मान्यता अनुरुप ठूला करदाता कार्यालयको जस्तै संगठन संरचना हुने गरी यस कार्यालयको स्थापना भई मिति २०७५ भाद्र ०१ गतेबाट सञ्चालनमा आएको छ। नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिम रु.५० करोडदेखि रु.१अर्बसम्मको कारोबार गर्ने ५६० करदाताको कर प्रशासन एवं सहजीकरण गर्ने जिम्मेवारी सहित नेपालभर यस कार्यालयको कार्यक्षेत्र तोकिएको छ। उपरोक्त संगठनात्मक दायराभित्र रही गत आ.व. २०८१/०८२ मा विभागबाट यस कार्यालयका लागि निर्धारित लक्ष्य र कार्यालयबाट सम्पादन हुने अन्य महत्वपूर्ण कार्यहरुलाई समेटी वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गरिएको थियो। सो आ.व. मा यस कार्यालयबाट सम्पादित कार्य, हासिल भएको उपलब्धि, लक्ष्य प्राप्त हुन नसक्नुका कारण, समस्या/चुनौती र आगामी कार्यदिशाको खोज जस्ता महत्वपूर्ण पक्षहरुको सूक्ष्म विश्लेषणसहित यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

### करदाताको क्षेत्रगत बिबरण

| सि.नं | क्षेत्र | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कृषि | ९० | |
| २. | बैंक तथा वित्तीय | ४२ | |
| ३. | गैर कृषि | ८३ | |
| ४. | सेवा | १२० | |
| ५. | व्यापार | २०१ | |
| ६. | बहुराष्ट्रिय कम्पनी | २४ | |
| **जम्मा** | | **५६०** | |

**स्वामित्वको आधारमा करदाताको बिबरण**

| सि.नं. | करदाताका प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रा.लि. | ३७३ | |
| २ | पब्लिक लि. | ५६ | |
| ३ | व्यक्तिगत फर्म | ७६ | |
| ४ | साझेदारी फर्म | १८ | |
| ५ | ज्वाइन्ट भेन्चर | ४ | |
| ६ | सार्वजनिक निकाय (संस्थान) | ४ | |
| ७ | एनजिओ/आइएनजिओ | १५ | |
| ८ | अवकास कोष + सहकारी संस्था लि. | १४ | |
| | **जम्मा** | **५६०** | |

## १.२ उद्देश्यः

- आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा अन्य कर नीति तथा कानूनहरुको कार्यान्वयन गरी राजस्व संकलनको लक्ष्य हासिल गर्नु।
- सूचना प्रविधिको अधिकतम उपयोगबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्नु।
- राजस्व चुहावट तथा जोखिमका क्षेत्रहरुको पहिचान गरी कर परीक्षण तथा अनुसन्धानको कार्यलाई प्रभावकारी बनाउनु।
- करदातामैत्री सेवा प्रवाह प्रणालीको विकास गरी छिटो छरितो सेवा दिने र सहज तरिकाले कर तिर्ने वातावरणको सृजना गर्नु।
- करदाता शिक्षा मार्फत कर साक्षरता एवं सचेतना अभिबृद्धि गर्नु।

## १.३ नीति तथा कार्यक्रम

- कर परिपालना एवं कर सहभागिता बढाउने।
- निर्धारित लक्ष्यअनुरुप कार्यालय व्यवस्थापनलाई चुस्त एवं सशक्त बनाउने ।
- करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- करदाताको अभिलेख अद्यावधिक गर्ने ।
- कम्प्युटर प्रणालीमा आधारित विलिङ्ग एवं CBMS मा आवद्ध बनाई परिपालनाको अनुगमन गर्ने ।
- लक्ष्य अनुरुपको राजस्व संकलन गर्न सामूहिक प्रयत्न गर्ने ।

- बक्यौता कर असुलीलाई प्राथमिकतामा राखी समन्वय, अनुगमन, संकलन भ्रमण एवं कर नतिर्ने करदातालाई कानूनी कारबाही गर्ने ।
- आर्थिक ऐनले सालवसाली रुपमा प्रदान गरेका स्किम तथा छुट सुविधाको कार्यान्वयन गरी कर सहभागिता बढाउने ।
- कारोबारको प्रकृति तथा राजस्व जोखिम विश्लेषण गरी पूर्ण कर परीक्षण, अग्रिम करकट्टी परीक्षण र अनुसन्धानात्मक कर परीक्षण गर्ने।
- कानून बमोजिम माग भएका कर फिर्ता माग सम्बन्धी निवेदनलाई निर्धारित समयमै सम्बोधन गर्ने।
- बेरुजु फछ्र्यौट गर्ने ।

## १.४ मुख्य कार्यहरुः

### करदाता सेवा शाखा

- आयकरमा दर्ता भएका करदाताबाट आय विवरण प्राप्त गर्ने।
- मू.अ.करमा दर्ता भएका करदाताबाट मू.अ.कर विवरण प्राप्त गर्ने।
- आयकर र मू.अ.कर ननफाइलर भएका करदाताबाट विवरण दाखिला गराउने ।
- आय विवरणको द्रुत कर परीक्षण गरी कर निर्धारण गर्ने ।
- कार्यशाला गोष्ठी, अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।
- आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता रहेका करदाताको अभिलेख बायोमेट्रिक प्रणालीमा अद्यावधिक गर्ने।
- करदातालाई केन्द्रीय बीजक अनुगमन प्रणाली (CBMS) मा आवद्ध गर्ने।
- Computer Billing System परिपालनाको नियमित रुपमा अनुगमन गर्ने।
- फाइलिङ्ग लगायत करदाताको अभिलेख अद्यावधिक गर्ने ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन गर्ने ।

### सङ्कलन शाखा

- राजस्व सङ्कलन गर्ने- आयकर, मू.अ.कर, अन्तःशुल्क समेत ।
- बक्यौता असुलीको लागि सङ्कलन भ्रमण गर्ने ।
- आयकर तथा मू.अ.कर बक्यौताको हिसाब मिलान/समायोजन गर्ने।
- आयकर तथा मू.अ.करमा दर्ता भई बक्यौता राख्ने करदातालाई अन्तिम तहको कानूनी कारबाही गर्ने।
- बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउने।
- पुनरावलोकन तथा पुनरावेदन प्रक्रियामा गएका करदाताको अभिलेख अद्यावधिक गर्ने।
- आर्थिक ऐनले सालवसाली रुपमा प्रदान गरेका छुट सुविधाको कार्यान्वयन गर्ने ।

**करपरीक्षण शाखा**

- आय विवरण र मू.अ.कर विवरणको पूर्ण कर परीक्षण  गर्ने।
- कर फिर्ताको लागि निवेदन प्राप्त भएपछि त्यसको परीक्षण गरी कर फिर्ता गर्ने।
- कारोबारको प्रकृति तथा राजस्व जोखिम विश्लेषण गरी समूहगत कर परीक्षण गर्ने।
- दर्ता खारेजीको लागि आवेदन गरेका करदाताहरु करपरीक्षण गरी दर्ता खारेजी गर्ने ।
- प्रशासकीय तथा आन्तरिक पुनरावलोकनबाट प्राप्त फाइलको पुनः कर परीक्षण गर्ने ।
- अग्रिम करकट्टीको कर परीक्षण गर्ने ।
- राजस्व न्यायाधिकरण तथा सर्वोच्च अदालतबाट भएका फैसलाहरुको कार्यान्वयन गर्न पुनः कर परीक्षण गर्ने ।
- कर परीक्षण गर्नुपर्ने बेरुजुका सम्बन्धमा छानविन तथा कर परीक्षण गर्ने ।

**अनुसन्धान शाखा**

- प्राप्त उजुरी/सूचनाको अभिलेख अद्यावधिक गर्ने ।
- उजुरी/सूचना विश्लेषण तथा प्रारम्भिक अनुसन्धान गर्ने ।
- कारोबारको प्रकृति तथा राजस्व जोखिम विश्लेषण गरी विस्तृत अनुसन्धान गर्ने।
- नवीनतम प्रवृत्ति अवलम्बन गरी अनुसन्धान गर्ने ।

## १.५ संगठनात्मक संरचना र जनशक्ति विवरण

### १.५.१ यस कार्यालयमा निम्न शाखा तथा उपशाखाहरु रहेका छन्।

क. करदाता सेवा शाखा

ख. सङ्कलन शाखा

ग. कर परीक्षण शाखा

- कर परीक्षण सेवा उपशाखा
- व्यापार उपशाखा- क र ख
- कृषि उद्योग उपशाखा
- गैह्र कृषि उद्योग उपशाखा
- बहुराष्ट्रिय कम्पनी उपशाखा
- बैंक फाइनान्स र कर फिर्ता उपशाखा

घ. अनुसन्धान शाखा

कर सङ्कलन एवं कर नीतिको कार्यान्वयनलाई केन्द्रविन्दुमा राखी यस कार्यालयको संगठनात्मक संरचनालाई कार्यमूलक प्रणालीमा आधारित बनाइएको छ। यस कार्यालय अन्तर्गत करदाता सेवा, कर सङ्कलन, करपरीक्षण र अनुसन्धान गरी चारवटा शाखाहरु रहेका छन्।  प्रमुख कर प्रशासक रा.प.प्रथम श्रेणी सहसचिवस्तर कार्यालय प्रमुख रहने व्यवस्था छ। कार्यालयको समग्र कार्य प्रणालीलाई सुचारुरुपमा सञ्चालन गरी कार्यगत लक्ष्य हासिल गर्न प्रमुख कर प्रशासकको मातहतमा

१० जना प्रमुख कर अधिकृत, ३२ जना कर अधिकृत लगायत विभिन्न तह र पदका गरी जम्मा ७७ जना कर्मचारीको दरबन्दी रहेको छ। हाल यस कार्यालयमा विभिन्न श्रेणीका ६९ जना कर्मचारी कार्यरत रहेका छन्। कार्यालयको संगठन संरचना र दरबन्दीको विस्तृत विवरण तपसिल बमोजिम रहेको छः

## मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौंको संगठन संरचना

**प्रमुख कर प्रशासक**
रा.प.प्र.(प्र) -१

- **करदाता सेवा शाखा**
  प्र.क.अ. रा.प.द्धि. (प्र/रा) -१
  - **कर विवरण व्यवस्थापन उपशाखा**
    क.अ. रा.प.तृ. (प्र/रा) -२
    - **आन्तरिक प्रशासन उपशाखा**
      शा.अ. रा.प.तृ. (प्र/सा.प्र.) -१
      सु.प्र.अ./कम्प्यु अ. रा.प.तृ. (वि) -२
      क.ई.रा.प.तृ. (वि) -१
      ले.अ.रा.प.तृ. (प्र/ले) -१
      ले.पा.रा.प.अनं.प्र. (प्र/ले) -१
      ना.सु.रा.प.अनं.प्र. (प्र/रा) -८
      डा.ई.सु./क.अ. रा.प.अनं.प्र. (वि) -३
      ह.स.चा. श्रेणीविहीन — ६
      का.स. श्रेणीविहीन — ५
      वरिष्ठ चार्टर्ड एकाउन्टेन्ड (करार)- ४
- **कर सङ्कलन शाखा**
  प्र.क.अ. रा.प.द्धि. (प्र/रा) -१
  - **सङ्कलन उपशाखा**
    क.अ. रा.प.तृ. (प्र/रा) -१
    - **बेरुजु उपशाखा**
      क.अ. रा.प.तृ. (प्र/रा) -१
      - **पुनरावेदन व्यवस्थापन उपशाखा**
        स.जि.न्या. रा.प.तृ. (न्या/स) -१
        क.अ. रा.प.तृ. (प्र/रा) -१
- **कर परीक्षण शाखा**
  प्र.क.अ. रा.प.द्धि. (प्र/रा) -७
  - **बैंक फाइनान्स र कर फिर्ता उपशाखा**
    क.अ. रा.प.तृ. (प्र/रा) -४
    - **गैह्र कृषि उद्योग उपशाखा**
      क.अ. रा.प.तृ. (प्र/रा) -४
      - **व्यापार उपशाखा (क र ख)**
        क.अ. रा.प.तृ. (प्र/रा) -८
        - **सेवा उपशाखा**
          क.अ. रा.प.तृ. (प्र/रा) -४
          - **कृषि उद्योग उपशाखा**
            क.अ. रा.प.तृ. (प्र/रा) -४
            - **बहुराष्ट्रिय कम्पनी उपशाखा**
              क.अ. रा.प.तृ. (प्र/रा) -२
- **अनुसन्धान शाखा**
  प्र.क.अ. रा.प.द्धि. (प्र/रा) -१
  क.अ. रा.प.तृ. (प्र/रा) -२

## १.५.२ कार्यालयको दरबन्दी संरचना र कार्यरत कर्मचारीको विवरणः

मध्यमस्तरीय करदाता कार्यालय काठमाडौंको स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरबन्दी | पदपूर्ति भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख कर प्रशासक | रा.प.प्र. | प्रशासन | | १ | १ | | |
| २ | प्रमुख कर अधिकृत | रा.प.द्वि. | प्रशासन | राजस्व | १० | ९ | १ | |
| ३ | कर अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ३३ | ३२ | १ | |
| ४ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | | |
| ५ | सहायक जिल्ला न्यायाधिबक्ता | रा.प.तृ. | न्याय | सरकारी वकिल | १ | १ | | |
| ६ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | १ | १ | | |
| ७ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | २ | ० | २ | |
| ८ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | १ | १ | | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | राजस्व | ८ | ८ | | |
| १० | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | १ | १ | | |
| ११ | डा.इ.सु./कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | ३ | ३ | | |
| १२ | वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट | करार | | | ४ | ० | ४ | |
| १३ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ६ | ६ | | |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ५ | ५ | | |
| १५ | जम्मा दरबन्दी | | | | ७७ | ६९ | ८ | |

## २. शाखागत प्रगति विश्लेषण


आ.व. २०८१/०८२ मा यस कार्यालयअन्तर्गत विभिन्न शाखाबाट सम्पादित कार्य तथा प्रगतिको विवरण देहायमा उल्लेख भएबमोजिम रहेको छः

### २.१ करदाता सेवा शाखा


करदाता मैत्री वातावरणमा दैनिकरुपमा करदाता सेवा प्रवाह तथा सहजीकरण यस शाखाको महत्वपूर्ण जिम्मेवारी भित्र पर्दछ। सोका अतिरिक्त कर सहभागिता र कर परिपालनामा अभिवृद्धिका लागि नियमित रुपमा करदातालाई सूचना प्रवाह गर्ने, कर विवरण दाखिला गर्न लगाउने, सूचना प्रविधि प्रणालीमा आवद्ध गराउने, अभिलेख संरक्षण एवं उपयोगमा सहजीकरण र समग्र कार्यालयको लक्ष्य हासिल गर्ने गरी व्यवस्थापकीय भूमिका समेत यस शाखाले निर्वाह गर्दछ ।

#### २.१.१ कर सहभागिता र कर कानूनको परिपालना

- आ.व.को शुरुवातमा यस कार्यालय अन्तरगत ५६० करदातामध्ये ५२० करदाताहरुले आर्थिक वर्ष २०८०/०८१ को आय विवरण २०८२ को आषाढ मसान्तसम्म बुझाएका छन्।
- विगत ३ वर्षको EIMS विवरण नियाल्दा गत आ.व. २०८१/०८२ मा लक्ष्यको तुलनामा १४८ प्रतिशत आय विवरण प्राप्त भई कर सहभागिताको अवस्थामा उल्लेखनीय सुधार भएको देखिन्छ ।



- यसैगरी कर चुक्ता प्रमाणपत्र दिने क्रममा अनिवार्य रुपमा अग्रिम करकट्टी विवरण दाखिला गर्नुपर्ने पद्दतिको अनुसरण गरिएबाट आ.व. २०८१/०८२ मा निर्धारित वार्षिक लक्ष्य ९०३ को तुलनामा ३७५ प्रतिशतले प्रगति भई ३३८३ अग्रिम करकट्टी विवरणहरु पेश हुन आएको छ । विगत ३ वर्षको EIMS विवरण अध्ययन गर्दा यस आ.व. मा हालसम्मकै धेरै अग्रिम करकट्टी विवरण प्राप्त हुन आएको देखिन्छ ।





- मूल्य अभिवृद्धि करमा दर्ता भएका ४२७ करदातामध्ये साउन महिनामा ४०.७० प्रतिशतले डेविट र ५३.५० प्रतिशत करदाताले क्रेडिट विवरण दाखिला गरेको देखिन्छ। आर्थिक वर्षभरि नै विवरण दाखिलाको प्रवृतिमा उतारचढाव देखिन्छ। तर असार मसान्तसम्ममा प्राप्त विवरण हेर्दा संख्या र रकम दुवै तरिकाले डेविट विवरण पेश गर्ने करदाताको संख्यामा उल्लेख्य सुधार आएको छ भने क्रेडिट विवरणको संख्या घटेको देखिन्छ । असार मसान्तमा Non Filer करदाताको संख्या केही घटेको देखिन्छ ।यी करदातामध्ये सम्पर्क स्थापित हुन नसकेका केही करदाताहरु बाहेक अन्यबाट नियमित रुपमै विवरण आउने गरेको छ।

## Analysis Of VAT Returns FY 2080/081 on 2080.04.04

| Months | Debit Returns | Debit Returns Amount | Credit Returns | Credit Returns Amount | Nill | Non-Filer | Dr% | Cr% |
|---|---|---|---|---|---|---|---|---|
| M4 | 175 | 430,845,237 | 230 | 1768575676 | 10 | 8 | 40.70 | 53.50 |
| M5 | 172 | 496,187,120 | 236 | 1830971803 | 6 | 8 | 40.75 | 55.90 |
| M6 | 172 | 500,950,572 | 234 | 1749569161 | 8 | 8 | 40.75 | 55.45 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| M7 | 172 | 576,300,985 | 241 | 2046893230 | 6 | 7 | 39.39 | 52.59 |
| M8 | 177 | 513,253,758 | 232 | 1902942795 | 5 | 8 | 42.44 | 55.63 |
| M9 | 186 | 503,178,709 | 221 | 2148043718 | 7 | 8 | 44.07 | 52.36 |
| M10 | 175 | 500,412,902 | 229 | 2115835682 | 8 | 9 | 41.56 | 54.39 |
| M11 | 187 | 618,870,398 | 222 | 2225991662 | 8 | 10 | 43.80 | 51.99 |
| M12 | 190 | 680,483,810 | 213 | 1832348539 | 6 | 15 | 44.81 | 54.48 |
| M01 | 198 | 622,105,666 | 210 | 1738859235 | 8 | 7 | 51.77 | 49.64 |
| M02 | 219 | 727,144,350 | 189 | 1785144595 | 7 | 7 | 51.89 | 44.78 |
| M03 | 211 | 917,353,677 | 200 | 1676083113 | 9 | 6 | 49.53 | 46.94 |






- यस आर्थिक वर्षमा द्रुत कर परीक्षणतर्फ ३१ वटा करदाताको आय विवरणको द्रुत कर परीक्षण गरी रु.९५ लाख ८० हजार कर सङ्कलन गर्ने लक्ष्य तोकिएकोमा ३४ वटा करदाताको द्रुत कर परीक्षण सम्पन्न भई रु.२,५३,१९,६३०।०० (अक्षरेपी दुई करोड त्रिपन्न लाख उन्नाइस हजार छ सय तीस मात्र) राजस्व सङ्कलन भएको छ।
- यस अवधिमा Biometric Registration Update अन्तर्गत मू.अ.कर तर्फ ४ लक्ष्य रहेकोमा ८ करदाताको र आयकर तर्फ १२ लक्ष्य रहेकोमा ८ करदाताको Biometric Registration Update गरिएको छ।
- यस आ.व.मा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम अन्तर्गत ४ लक्ष्य रहेकोमा ५ वटा कार्यक्रम र १२० करदाताको सहभागिताको लक्ष्य रहेकोमा ३४७ करदाताको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको छ।
- Central Billing Monitoring system–CBMS मा १८ करदाताको आबद्धताको लक्ष्य रहेकोमा २६ करदातालाई CBMS मा आबद्ध गराइएको र ५९ करदाताको विद्युतीय विजक पालन गरे/नगरेको अनुगमनको लक्ष्य रहेकोमा सोही बमोजिम ५९ करदाताको विद्युतीय विजक पालन गरे/नगरेको अनुगमन गरिएको र ७ वटा करदाताले विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४ (चौथो संशोधन) को पूर्ण पालना नगरेको हुनाले कारबाही गरिएको।

## २.१.२ शाखागत कार्यसम्पादन परिसूचकहरुको प्रगति अवस्था

करदाता सेवा शाखालाई करदाता शिक्षा, द्रुत कर परीक्षण, कार्यालय व्यवस्थापन, करदाताको अभिलेख व्यवस्थापन, कम्प्यूटर बिलिङको अनुगमन लगायतका कार्यहरु गर्ने गरी कार्यगत लक्ष्य तोकिएको थियो। लक्ष्यको तुलनामा यस शाखाको ८३.९५ प्रतिशत प्रगति रहेको छ।

### परिसूचकमा आधारित शाखागत लक्ष्य र प्रगति

Taxpayer Service Section :

| Indicator Code | Indicator Name | WEIGHT (W) | Target | Performance | Percentage(P) | Grade | (W*P) |
|---|---|---|---|---|---|---|---|
| Increase Tax Compliance | | | | | | | |
| 10 | ITx return filing of last Fiscal Year (No) | 10 | 351 | 520 | 148 | A++ | 1100 |
| 389 | ITx return filing of before than previous years | 5 | 21 | 26 | 124 | A++ | 550 |
| 390 | ITx return filing of Non-Filer Transaction | 5 | 26 | 2 | 8 | D | 40 |
| 399 | TDS Returns Filer (No of Withholder) | 6 | 903 | 3383 | 375 | A++ | 660 |
| 11 | VAT Filler (Enter 1 if returns>90% for IROs and >99% for LTO and MLTO else 0) | 5 | 12 | 2 | 17 | D | 85 |
| 169 | VAT Filler (Enter 1 if returns>95% of Total Returns for IROs, TSOs and >99% of Total Returns for LTO and MLTO else 0) | 8 | 12 | 12 | 100 | A++ | 800 |
| 210 | Enter 1 if vat debit return > 50% for LTO and MLTO and >20% for IROs | 7 | 12 | 0 | 0 | D | 0 |
| 211 | Enter 1 if vat credit returns < 45% | 6 | 12 | 0 | 0 | D | 0 |
| Verification | | | | | | | |
| 167 | Rapid Verification (Amount '000) | 8 | 9580 | 25319.63 | 264 | A++ | 880 |
| 402 | Rapid verification of ITx Return (No)(Section 11,Section 57,Transaction Volume and revenue risk... ) | 8 | 31 | 34 | 110 | A++ | 880 |
| Office Management | | | | | | | |
| 378 | Office Management | 5 | 12 | 12 | 100 | A++ | 500 |
| Taxpayer Education | | | | | | | |
| 23 | Workshop and Interaction (No) | 7 | 4 | 5 | 125 | A++ | 770 |
| 392 | Number of Beneficiary From TaxPayer Education | 2 | 120 | 347 | 289 | A++ | 220 |
| Tax Payer Record Update | | | | | | | |
| 371 | Biometric Registration update VAT(No) | 2 | 4 | 8 | 200 | A++ | 220 |
| 379 | Biometric Registration update IT(No) | 2 | 12 | 24 | 200 | A++ | 220 |
| Monitoring of compliance of Computer Billing | | | | | | | |
| 380 | Integrated to CBMS | 7 | 18 | 25 | 139 | A++ | 770 |
| 128 | Monitoring of compliance of Computer Billing Software (No) | 7 | 59 | 59 | 100 | A++ | 700 |
| | | Total Weight:100 | | | | | Total: 8395 |
| | | | | | | | Performance: 83.95%( A ) |

करदाता सेवा शाखासँग सम्बन्धित अधिकांश कार्यगत लक्ष्यको कार्यसम्पादन प्रगति सन्तोषजनक नै रहेको छ। तथापि, आय विवरण दाखिला सम्बन्धमा EIMS अनुसार लक्ष्यको १४८ प्रतिशत प्रगति हासिल भएपनि आ.व. २०८०/०८१ को आय विवरण २३ करदाताबाट पेश हुन बाँकी देखिन्छ। यस्ता करदाताहरुमा विशेष गरी सरकारी संस्थान, इन्स्योरेन्स कम्पनी, सहकारी संस्था तथा प्रोप्राइटरसीपबाट प्रा.लि.मा परिणत भई कारोबार नभएका फर्म रहेका छन्। सरकारी संस्थानको समयमा लेखा परीक्षण सम्पन्न हुन नसकेको तथा केही बीमा कम्पनीहरुले मर्जरको कारणले समयमा आय विवरण पेश गर्न नसकेको देखिन्छ। यसरी आय विवरण पेश नगर्ने सबै करदाताहरुलाई निरन्तर सम्पर्क गरी आय विवरण पेश गर्न ताकेता गर्ने गरिएको छ।

### २.१.३ करदाता सेवा शाखाबाट सम्पादन भएका अन्य महत्वपूर्ण कार्यहरु

- मूल्य अभिवृद्धि कर तथा आय विवरण समयमा नबुझाई Non filer रहेका करदाताहरुलाई विवरण बुझाउन निरन्तर फोन सम्पर्क, Bulk Message, पत्राचार, स्थलगत अनुगमन गरिएको ।
- प्रदेशगत रुपमा करदाताहरुको प्रोफाइल तयार गरिएको छ। वार्षिक कार्ययोजना बमोजिम प्रदेशगत रुपमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको । यस दौरानमा कोशी प्रदेशको विराटनगर, लुम्बिनी प्रदेशको भैरहवा, मधेश प्रदेशको विरगञ्जमा करदातासँग छलफल तथा अन्तरक्रियाका अतिरिक्त Biometric Registration, Central Billing Monitoring, CBMS र बक्यौता सङ्कलन भ्रमण जस्ता कार्यहरु समेत गरिएको छ। बाग्मती प्रदेशमा भने कर सप्ताह २०८१ को सन्दर्भमा उपत्यका भित्रका करदाताहरुलाई कार्यालयको सभाहलमा तथा Trinity International College का स्नातक तहका विद्यार्थीहरुसँग सोही कलेजमा कर सम्बन्धी विषयहरुमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- व्यक्तिगत करचुक्ता जारी गर्दा समेत नपुग भएको कर निर्धारण गरिएको ।
- प्रक्रिया पुगेकोमा ५ मिनेटमा करचुक्ता प्रमाणपत्र जारी गर्ने गरिएको ।
- गुनासो व्यवस्थापनमा QR Code को प्रयोग गरिएको ।
- करदातालाई चिया, पानी सहित सहज सेवा प्रदान गरिदै आएको ।
- कार्यालय व्यवस्थापन कार्य अन्तर्गत फाइलिङ्ग व्यवस्थापन, कार्यालयको रङरोगन, कार्यालय परिसरमा ढलान र सौन्दर्यीकरण लगायतका कार्य गरिएको ।
- आर्थिक प्रशासन शाखालाई स्थानान्तरण गरी अपाङ्गमैत्री बनाईएको ।
- कर सप्ताहमा आँखा शिविर, सहायता कक्ष, करदाता शिक्षा, कविता मूल्याङ्कन लगायतका विविध कार्यक्रम गरिएको ।
- मासिक रुपमा सरसफाइ कार्यक्रम सञ्चालन गर्ने गरिएको ।

## २.२. कर सङ्कलन शाखा

कर सङ्कलन शाखालाई शीर्षकगत राजस्व सङ्कलन, बक्यौता असुली तथा समायोजन, सङ्कलन भ्रमण तथा कानुनी कारबाही गरी बक्यौता असुली, बेरुजु फस्योंट तथा सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा पठाउने, अपिल व्यवस्थापन लगायतका कार्यहरु गर्ने गरि कार्यगत लक्ष्य तोकिएको थियो ।आर्थिक वर्ष २०८१/०८२ मा सङ्कलन शाखाको समग्र प्रगति ७८.३७ प्रतिशत रहेको छ। कार्यात्मक सूचकहरुमध्ये राजस्व सङ्कलन (आयकर र मूल्य अभिवृद्धि कर) लक्ष्यको तुलनामा करदाताको **Log_on/off** लगायतका कारण राजस्व सङ्कलन कम हुन गयो । कानूनी द्विविधाको कारण बेरुजु फस्योंट हुन नसक्दा सङ्कलन शाखाको समग्र प्रगति अथक प्रयासका वावजुद अपेक्षाकृत हुनसकेन।

Collection Section :

| Indicator Code | Indicator Name | WEIGHT (W) | Target | Performance | Percentage(P) | Grade | (W*P) |
|---|---|---|---|---|---|---|---|
| Revenue Collection | | | | | | | |
| 213 | IT (in '000) | 12 | 14588519.97 | 10955336.86 | 75 | A | 900 |
| 214 | VAT (in '000) | 10 | 9472929.99 | 7389327.1 | 78 | A | 780 |
| 1 | Total Revenue Collection (VAT, Itx, Excise and ESF) (in '000) | 6 | 24130453.96 | 18412498.72 | 76 | A | 456 |
| Arrears Monitoring & Collection | | | | | | | |
| 97 | Collection visit (No) | 3 | 145 | 162 | 112 | A++ | 330 |
| 173 | Collection of IT Dues ('000) | 8 | 674003 | 427438.69 | 63 | C | 504 |
| 174 | Collection of VAT Dues ('000) | 8 | 369222 | 546672.46 | 148 | A++ | 880 |
| 100 | IT dues adjustment ('000) | 3 | 1155434 | 706843.84 | 61 | C | 183 |
| 101 | VAT dues adjustment ('000) | 3 | 632952 | 511677.44 | 81 | A | 243 |
| Legal Action against defaulter | | | | | | | |
| 24 | Legal Action VAT (No) | 5 | 10 | 10 | 100 | A++ | 500 |
| 26 | Legal Action Income Tax (No) | 5 | 11 | 12 | 109 | A++ | 545 |
| 375 | Due Collection From Legal Action ('000) | 3 | 149032 | 44046.38 | 30 | D | 90 |
| Beruju Clearance | | | | | | | |
| 403 | Serve Request Letter to OAG for Beruju Clearance ('000) | 13 | 7240966 | 4132360.01 | 57 | C | 741 |
| 28 | Beruju Clearance (in '000) | 5 | 6034138.5 | 1000913.77 | 17 | D | 85 |
| Other Collection Indicators(Non-Quantifiable) | | | | | | | |
| 216 | Enter 1 if IT Collection > 70% of AA | 4 | 12 | 12 | 100 | A++ | 400 |
| 217 | Enter 1 if VAT Collection > 70% of MA | 4 | 12 | 12 | 100 | A++ | 400 |
| 142 | Furnishing Explanation and Document for Appeal (Enter 1 if timely furnished) | 3 | 12 | 12 | 100 | A++ | 300 |
| 72 | Enter 1 if Record Updating of Appeal | 3 | 12 | 12 | 100 | A++ | 300 |
| 407 | RMIS and RAS Reconciliation | 2 | 12 | 12 | 100 | A++ | 200 |
| | | Total Weight:100 | | | | | Total: 7837 |
| | | | | | | | Performance: 78.37%( A ) |

## २.२.१. राजस्व सङ्कलनको अवस्था

आर्थिक वर्ष २०८१/८२ को लागि यस कार्यालयलाई रु.२४ अर्ब १३ करोड राजस्व सङ्कलन लक्ष्य तोकिएकोमा रु.१८ अर्ब ४१ करोड राजस्व सङ्कलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ

लक्ष्यको ७८ प्रतिशत राजस्व सङ्कलन भएको छ भने आयकरतर्फ लक्ष्यको ७५.१२ प्रतिशत राजस्व सङ्कलन भई समग्रमा लक्ष्यको ७६.३० प्रतिशत मात्र प्रगति हासिल भएको छ ।

रकम रु. करोडमा

| **राजस्व शीर्षक** | **२०८१ असार सम्मको प्रगति** | | | **२०८२ असार सम्मको प्रगति** | | | **बृद्धिदर** |
|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | असुली | प्रगति प्रतिशत | लक्ष्य | असुली | प्रगति प्रतिशत | |
| आयकर | २२४२.०८ | १५२२.०७ | ६७.८९ | १३५७.०८ | १०१९.४५ | ७५.१२ | —३३.०२ |
| घर बहाल कर | १४.०१ | ७.१० | ५०.६८ | २५.०२ | १८.२६ | ७३ | १५७.१४ |
| व्याज | १०४.०० | ६३.७८ | ६१.३३ | ७६.७५ | ५१.४४ | ६७.०२ | —१९.३६ |
| मूल्य अभिवृद्धि कर | १११७.३३ | ८१९.३८ | ७३.३३ | ९४७.२९ | ७३८.९३ | ७८ | —९.८२ |
| अन्तःशुल्क | ५.९५ | ४.९४ | ८३.०१ | ६.३८ | ६.७८ | १०६.३५ | ३७.२६ |
| स्वास्थ्य सेवा कर | ०.१० | ०.०० | ० | ०.०० | ०.०० | ० | ० |
| शिक्षा सेवा | ०.०१ | ०.२२ | २२०० | ०.०० | ०.०० | ० | ० |
| **अन्य** | ०.०० | ७.४८ | ० | ०.५२ | ६.३८ | १२२७.३४ | —१४.७५ |
| **जम्मा** | ३४८३.४९ | २४२४.९८ | ६९.६१ | २४१३.०४ | १८४१.२५ | ७६.३० | —२४.०७ |

## २.२.२. शीर्षकगत राजस्व सङ्कलनः

शीर्षकगत रुपमा आर्थिक वर्ष २०८१/०८२ मा सङ्कलन भएको राजस्व र राजस्व सङ्कलनको वृद्धिदर निम्नानुसार रहेको छ।

| सि. नं. | राजस्व शिर्षक | राजस्व शिर्षकउपशिर्षकको नाम | कुल आम्दानी आ.व.२०८१.०८२ | कुल आम्दानी आ.व.२०८०.०८१ | बद्धि दर |
|---|---|---|---|---|---|
| १ | ११११११ | आयकर - व्यक्तिगत वा एकलौटी फर्म | १,३५१,६५३,४५२.९४ | १,२७५,२१४,४६२.५७ | ५.९९% |
| २ | ११११२ | पारिश्रामिक आय कर | १,७८९,५६८,५४२.५९ | १,८९६,६००,०६०.४५ | -५.६४% |
| ३ | ११११३ | पुजीगत लाभ कर व्यक्तिगत | १,२७९,१८१,६८९.६२ | ४,८९९,८४८,७९२.०७ | -७३.८९% |
| ४ | ११११५ | आकस्मिक लाभ कर (व्यक्तिगत) | ४,४०३,२८५.४४ | १,१६२,०२५.०५ | २७८.९३% |
| ५ | १११२१ | आयकर - सरकारी प्रतिष्ठानहरु | १८६,८९४,१०७.१४ | २५६,३३२,८६९.८५ | -२७.०९% |
| ६ | १११२२ | आयकर - पब्लिक लि. | १,११४,७९४,७१२.५८ | २,०६३,८२७,१९६.५६ | -४५.९८% |
| ७ | १११२३ | आयकर - प्रा. लि. | ३,०२९,६२८,५२१.२९ | ३,०२१,२०२,०८९.७७ | ०.२८% |
| ८ | १११२४ | आयकर - अन्य निकाय | ७०१,३०७,४७८.५४ | ४४१,९१०,४५४.४१ | ५८.७०% |
| ९ | १११२५ | पुजीगत लाभ कर निकाय | ११४,७४१,६१३.७० | ७८२,७८६,७००.९१ | -८५.३४% |
| १० | १११२६ | आकस्मिकलाभ कर (निकाय) | ४२२,०९९.०० | १,१६१,७४१.४९ | -६३.६७% |
| ११ | १११३३ | लाभांश कर | ४०३,७७८,०५३.८४ | ३१३,७२९,५५५.३३ | २८.७०% |
| १२ | १११३४ | अन्य लगानीको आयकर | २२२,६४६.५४ | ९१,३१२.१५ | १४३.८३% |
| १३ | १११३५ | आकस्मिक लाभ कर | ०.०० | ४७४,११९.४१ | -१००.००% |
| १४ | १११३९ | अन्य आयकर | ३९,२१०,८६३.९७ | १११,२९०,४८३.८४ | -६४.७७% |
| १५ | ११२११ | पारिश्रामिकमा आधारित सामाजिक सुरक्षा कर | १७८,७०३,२३३.२८ | १५५,११६,३३८.३४ | १५.२१% |
| १६ | १११३१ | बहाल कर | १८२,६४८,१४०.५० | ७१,०३१,३४६.५७ | १५७.१४% |
| १७ | १११३२ | व्याज कर | ५१४,३८१,४१४.४४ | ६३७,८३४,९१९.४४ | -१९.३६% |
| १८ | ३३३११ | मू.अ.कर - उत्पादन | ३,४६९,८००,२७४.१३ | ३,४३९,५७०,९४२.२७ | ०.८८% |
| १९ | ३३३१३ | मू.अ.कर - वस्तु बिक्री र वितरण | १,१७०,२८४,४८५.०३ | १,१६६,३३८,३५६.५० | ०.३४% |
| २० | ३३३१४ | मू.अ.कर - परामर्श तथा ठेक्का | १,२१३,५३०,३३५.०८ | १,१६८,७१५,६८१.०६ | ३.८३% |
| २१ | ३३३१५ | मू.अ.कर - पर्यटन सेवा | २७८,३७१,४९९.५८ | ४४६,९७९,०६१.०१ | -३७.७२% |
| २२ | ३३३१६ | मू.अ.कर - संचार, विमा, हवाई र अन्य सेवा | ८६६,८६०,६९४.३२ | १,३५४,९३०,२२५.५३ | -३६.०२% |
| २३ | ३३३१७ | मू.अ.कर - बेदर्तावाल ( रिभर्स चार्ज) | ३९०,४७९,८०६.०३ | ६१७,२२५,७३२.५० | -३६.७४% |
| २४ | ३३३३१ | अन्तःशुल्क - सुर्तीजन्य पदार्थ | ०.०० | ३५,५००.०० | -१००.००% |
| २५ | ३३३३२ | अन्तःशुल्क - मदिरा | ४७७,२८०.०० | १,१२२,०००.०० | -५७.४६% |
| २६ | ३३३३३ | अन्तःशुल्क - वियर | ०.०० | ०.०० | |
| २७ | ३३३३४ | अन्तःशुल्क - अन्य औद्योगिक उत्पादन | ६७,३५७,४८१.४६ | ४८,२६४,९४८.३२ | ३९.५६% |
| २८ | ११४१२ | विलासिताशुल्क | ३८,००२,९३९.६५ | ४९,९५२,९७५.८० | -२३.९२% |
| २९ | १४१९३ | वैदेशिक पर्यटन शुल्क | २,६९७,८४३.८३ | २०६,४१७.८५ | १२०६.९८% |
| ३० | १४२१४ | दुरसंचार सेवा शुल्क | २३,०९६,२२०.४५ | २४,६७७,५९८.८० | -६.४१% |
| ३१ | ११४४३ | शिक्षा सेवा शुल्क शैक्षिक संस्था | ०.०० | १,८१०,५७३.३७ | -१००.००% |
| ३२ | ११४४४ | शिक्षा सेवा शुल्क वैदेशिक अध्ययन | ०.०० | ३४९,७९५.४९ | -१००.००% |
| | | **कुल जम्मा** | **१८,४१२,४९८,७१४.९७** | **२४,२४९,७९४,२७६.७१** | -२४.०७% |

आर्थिक वर्ष २०८१/०८२ मा आयकरतर्फको राजस्व सङ्कलनको अवस्था विश्लेषण गर्दा व्यक्तिगत आयकर, आकस्मिक लाभ कर (व्यक्तिगत), अन्य निकायको आयकर, प्राइभेट लिमिटेडको आयकर, लाभांश कर, बहाल कर सङ्कलनमा गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको भएतापनि सरकारी प्रतिष्ठानहरुको आयकर, पब्लिक लिमिटेडको आयकर, पुँजीगत लाभकर, ब्याज कर असुली गत वर्षको तुलनामा न्यून हुन पुगेको छ। यसबाट समग्र कार्यालयको राजस्व सङ्कलन प्रभावित हुन पुगेको छ।

आर्थिक वर्ष २०८१/०८२ मा मूल्य अभिवृद्धि करतर्फको राजस्व सङ्कलनको अवस्था विश्लेषण गर्दा उत्पादन, वस्तु विक्री र वितरण, परामर्श तथा ठेक्कातर्फ असुली हुने मूल्य अभिवृद्धि करमा गत आर्थिक वर्षको तुलनामा वृद्धि देखिएता पनि पर्यटन सेवा, सञ्चार, बीमा, हवाई र अन्य सेवा तथा बेदर्तावाल (रिभर्स चार्ज) तर्फ असुली हुने मूल्य अभिवृद्धि कर गत वर्षको तुलनामा न्यून रहेको छ। यसबाट गत वर्षको तुलनामा समग्रमा मूल्य अभिवृद्धि करको वृद्धिदर ऋणात्मक रहेको देखिन्छ।

### २.२.३. बेरुजु सम्बन्धी विवरणः

आर्थिक वर्ष २०८१/०८२ को शुरुमा कार्यालयको बेरुजु रु.९ अर्ब ५६ करोड ५७ लाख रहेकोमा यसै आर्थिक वर्षमा रु.२ अर्व ७१ करोड बेरुजु थप भएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ (संशोधन सहित) को दफा ३९(१) बमोजिम कार्यालयबाट प्रमाण सङ्कलन, छानविन तथा कर निर्धारण समेत गरी करिब रु.४ अर्व १३ करोड २३ लाख बेरुजु फस्यौंट गरी सोही ऐनको दफा ४० (४क) बमोजिम सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा करिब रु.४ अर्व १३ करोड २३ लाख बेरुजु लेखी पठाइएकोमा यस आर्थिक वर्षमा रु.१ अर्व ९ लाख बेरुजु सम्परीक्षण तथा लगतकट्टा भई यस वर्षको अन्त्यमा रु.११ अर्व २७ करोड बेरुजु लगत कायम भएको छ।

### (क) बेरुजु लगतको अवस्था

| आ.व.२०८१/८२ को शुरु बेरुजु | आ.व.२०८१/८२ मा भएको अन्तिम लेखापरीक्षणबाट थप | आ.व.२०८१/८२ मा भएको सम्परीक्षण | आ.व.२०८२/८३ मा जिम्मेवारी सरेको बेरुजु | कैफियत |
|---|---|---|---|---|
| ९,५६,५७,१५,६१२/४४ | २,७१,०८,४१,९८४/०० | १,००,०९,१३,७६८/०० | ११,२७,५६,४३,८२८/४४ | |

## (ख) बेरुजु सम्परीक्षणको प्रगति

(रकम रु.)

| कार्यालयको कुल बेरुजु | बेरुजु संपरीक्षणको लक्ष्य | कार्यालयले फछ्यौंटका लागि अनुरोध गरेको रकम | बेरुजु सम्परीक्षण रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १२,१६,०६,९५,८८४/४४ | ६,०३,४१,३८,५००/०० | ४,१३,२३,६०,००६/०४ | १,००,०९,१३,७६८/०० | १६.५९ |

**(ग) बेरुजुको लगत अद्यावधिक, फस्यौंट तथा सम्परीक्षणको सम्बन्धमा गरिएका प्रमुख कार्यहरु**

- **लगत अद्यावधिकः** कार्यालयमा Log on/ Log off भएका करदाताको बेरुजुको लगत अद्याविधक गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाएको तथा अन्य कार्यालयबाट आएका करदाताहरुको लगत Update गरिएको। महालेखा परीक्षकको कार्यालयमा लेखी पठाएको मध्ये सम्परीक्षण भई लगत कट्टा भएको बेरुजुलाई Update गरी आगामी आ.व.मा सरी जाने बेरुजुको यथार्थ लगत कायम गरिएको।
- **बेरुजु वर्गीकरणः** बेरुजुलाई प्रकृति (अनुसार असुल गर्नुपर्ने,सैद्धान्तिक, प्रमाण पेश नगरेको) आकार (ठूलो- सानो) र उपशाखा अनुसार वर्गीकरण गरिएको।
- **बेरुजु फस्यौंटः** सम्बन्धित करदातासँग जवाफ, प्रमाण कागजात माग गरी छानविन तथा परीक्षण गरिएको।करपरीक्षण गर्नु पर्ने देखिएको बेरुजुको हकमा कर परीक्षण शाखामा पठाइएको।हप्ताको २ दिन (सोमबार र शुक्रबार) कार्यालय प्रमुखको कार्यकक्षमा बेरुजु सम्बन्धी छलफल गर्ने गरिएको।
- **बेरुजु सम्परीक्षणः** कर दाखिला, कर निर्धारण तथा कागजात प्रमाणको आधारमा बेरुजु फस्यौंट गरी सम्परीक्षणको लागि म.ले.प मा पठाइएको।

## २.२.४. सङ्कलन शाखाबाट भएका कार्यहरुः

- मूल्य अभिवृद्धि कर बक्यौता राख्ने १२ तथा आयकर बक्यौता राख्ने १० करदातालाई अन्तिम तहसम्मको कानूनी कारवाही (मू.अ.कर ऐन, २०५२ को दफा २१ (ङ) वमोजिम) गरी ४ करोड ४० लाख बक्यौता असुली गरिएको।
- अवधि र रकमको आधारमा बक्यौता वर्गीकरण गरी बक्यौता राख्ने करदाताहरुलाई सङ्कलन भ्रमण पत्राचार, इमेल, टेलिफोन, SMS मार्फत ताकेता गरी बक्यौता असुली गरिएको। कानूनी कारबाही बाहेक यस आर्थिक वर्षमा आयकर तथा मूल्य अभिवृद्धि कर गरी कुल रु.१ अर्व १ करोड बक्यौता असुली गरिएको।
- मूल्य अभिवृद्धि करमा डेविट विवरण बुझाउने करदाताहरुको मूल्य अभिवृद्धि कर असुली अनुगमन तथा डेविट विवरण अनुसार कर नबुझाउने करदाताहरुलाई रकम बुझाउन विभिन्न माध्यमबाट ताकेता गरिएको।

- Sector wise करदाताहरुले गत आ.व. र यस आ.व.मा दाखिला गरेको राजस्वको तुलनात्मक रुपमा विश्लेषण गरी ठूलो रकम दाखिला गर्ने तथा दाखिला फरक पर्ने करदातालाई ताकेता गरिएको।
- सबै शाखालाई बक्यौता तथा प्रथम, दोस्रो र तेस्रो किस्ताको अनुमानित रकम  दाखिला गराउन Sector wise जिम्मेवारी बांडफांड गरी राजस्व असुलीको प्रयास गरिएको।
- आर्थिक ऐन, २०८१ ले प्रदान गरेका छुट तथा सुविधाको कार्यान्वयनको लागि करदातालाई जानकारी गराउन सम्पर्क गरिएको।
- किस्ता रकमको लागि करदाताको प्रोफाइल तयार गरी सम्पर्क गरिएको।
- बेरुजुको लगत अद्यावधिक गर्नुको साथै करपरीक्षण शाखा समेतको समन्वयमा बेरुजुको प्रमाण सङ्कलन तथा छानविन गरी सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालयमा लेखी पठाइएको।
- पुनरावेदनको लगत अद्यावधिक रुपमा राखिएको। पुनरावेदन गएका करदाताको अपिल प्रविष्टि तथा तथा पुनरावेदनबाट फिर्ता आएको करदाताको अपिल बन्द गर्ने कार्य नियमित रुपमा गरिएको।
- भुक्तानी प्रविष्टि गरी ठूलो संख्यामा बक्यौता लगत कट्टा गरिएको।

## २.२.५. राजस्व सङ्कलनका लक्ष्य हासिल हुन नसक्नुका कारणहरुः

- Log_On/Off को कारण सिर्जना भएको Revenue GAP सम्बोधन हुने गरी लक्ष्य संशोधन हुन नसक्नु। Log_Onभएका करदाताबाट यस आ.व.मा रु.५ अर्व ९१ करोड बराबर राजस्व थप भएकोमा Log_Off भएका करदाताबाट रु. ११ अर्व ३५ करोड राजस्व गुमाउनु परेको देखिन्छ। अतः Log_On बाट उल्लेखनीय राजस्व योगदान हुन नसक्दा रु.५ अर्व ४४ करोड राजस्व Deficit भएको देखिन्छ।
- करोबार निरन्तर घट्दै गएको। विगत ३ आय वर्षहरु २०७८/०७९, २०७९/०८० र २०८०/०८१ को कारोबारको विश्लेषण गर्दा औसतमा वार्षिक रु.१२,२०५,६९३,८३६.१०ले कारोबार घटेको पाईयो। अर्थात विगत तिन आय वर्षमा औसतमा ३.०७ प्रतिशतले कारोबार घट्दै गएको देखिन्छ।
- शून्य निर्धारणयोग्य आय वा नोक्सानी भएको आय विवरण पेश गर्ने करदाताको संख्या बढ्दै जानु। आय वर्ष २०७८/०७९ को आय विवरण पेश गर्ने करदाता मध्ये निर्धारणयोग्य आय शून्य हुने वा नोक्सानी देखाउने करदाता १०१ रहेकोमा त्यस्तो संख्या आय वर्ष २०७९/०८० मा १३७ र आय वर्ष २०८०/०८१ मा १६३ रहेको देखिन्छ।

- सिमेन्ट, डण्डी, हार्डवेयर, मदिरा, मैदा, विस्कुट, चाउ चाउको बिक्री घट्नाले त्यस्ता उद्योग तथा व्यापारिक फर्म/कम्पनीको कारोबार, आय तथा कर दाखिलामा संकुचन आएको ।
- आयातमा आएको कमीको कारण आन्तरिक राजस्व असुलीमा समेत नकारात्मक असर परेको ।
- आर्थिक वृद्धिदरमा आएको कमीको असर राजस्व असुलीमा समेत देखा परेको ।
- न्यून पुजीगत खर्चको कारण निर्माण व्यावसाय लगायत निर्माण सामाग्रीको उत्पादन तथा बिक्री वितरण गर्ने व्यावसायबाट उठ्ने राजस्वमा कमी आएको ।
- निजी क्षेत्रको कर्जा वृद्धि न्यूनताको कारण समग्र मागमा कमी आउनु।
- पुँजीगत खर्चको भुक्तानी समयमै नहुँदा ठेक्काबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर असुलीमा कमी आउनु।
- सेवाको आयात घट्न गई रिभर्स मूल्य अभिवृद्धि कर असुलीमा कमी आउनु।
- करदाता सोझै सर्वोच्च अदालतमा रिटमा जाने प्रवृत्ति बढ्दै जानु।
- व्यक्तिगत आयकरको छुटको सीमा बढेकोले पारिश्रमिकमा आधारित आयकरमा अपेक्षित वृद्धि हुन नसक्नु।
- सामाजिक सुरक्षा कोषमा सहभागिता बढ्दै गएकोले सामाजिक सुरक्षा करमा कमी आउनु।
- यस कार्यालयमा दर्ता भएका कतिपय बैंक तथा वित्तीय संस्था ठूला बैंक तथा वित्तीय संस्थामा मर्ज भएको हुँदा बैंकिङ्ग क्षेत्रबाट असुली हुने राजस्वमा कमी आउनु।
- डिस्ट्रिलरी, मैदा मिलको बिक्री कारोबारमा कमी आउनु।
- निर्माण कार्यको सुस्तताका कारण डण्डी तथा सिमेन्टको मागमा कमी आएको कारण अधिकांश सिमेन्ट तथा डण्डी उद्योग नोक्सानीमा रहनु ।

## २.३ अनुसन्धान शाखा

यस शाखाले नियामक निकाय, आन्तरिक राजस्व विभाग तथा अन्य माध्यमबाट कार्यालयमा प्राप्त हुन आएका गुनासो तथा अन्य सूचनाहरुको अध्ययन तथा विश्लेषण गरी देखिएका कैफियतहरु माथि सम्बन्धित आय वर्षको लागि प्रारम्भिक अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने र प्रारम्भिक अनुसन्धानबाट प्राप्त सूचनाका आधारमा कर निर्धारण हुन सक्ने देखिएमा तत् तत् करदाताहरुको विस्तृत कर अनुसन्धान गरी आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा पुँजीगत लाभकर निर्धारण गरी गुनासो तथा सूचनाको व्यवस्थापन, अभिलेखीकरण र प्रतिवेदन गर्ने कार्य गर्दछ। यस

शाखामा एक प्रमुख कर अधिकृत तथा दुई कर अधिकृतहरुलाई अनुसन्धान सम्बन्धी कार्य गर्ने गरी शाखा तोकिएको छ।

**<u>अनुसन्धान शाखाका कार्यहरुः</u>**

- उजुरी/ सूचनाको अभिलेख अद्यावधिक गर्ने ।
- उजुरी/सूचना विश्लेषण तथा प्रारम्भिक अनुसन्धान गर्ने ।
- कारोबारको प्रकृति तथा राजस्व जोखिम विश्लेषण गरी विस्तृत अनुसन्धान गर्ने ।
- कारोबारको प्रकृति तगा राजस्व जोखिम विश्लेषण गर्दै सूचना प्रविधि लगायत नवीनतम प्रवृति अवलम्बन गरी अध्ययन तथा अनुसन्धान गर्ने ।

**<u>गत आय वर्षको समीक्षाः</u>**

गत आय वर्ष २०८०/०८१ मा विस्तृत अनुसन्धानको लागि २० वटा लक्ष्य तोकिएकोमा १९ वटा करदाताको अनुसन्धान सम्पन्न भई आयकर तर्फ रु.९ करोड ६ लाख ६९ हजार र मूल्य अभिवृद्धि कर तर्फ रु.२ करोड ६५ लाख ७४ हजार कर निर्धारण भएको ।

## <u>आय वर्ष २०८१/०८२ को लागि निर्दिष्ट लक्ष्य, भार र प्रगति</u>

यस आय वर्षको लागि अनुसन्धान शाखाको कार्यात्मक सूचकहरु, निर्दिष्ट लक्ष्य, भार तथा प्रगति देहाय बमोजिम रहेको छ।

Investigation Section :

| Indicator Code | Indicator Name | WEIGHT (W) | Target | Performance | Percentage(P) | Grade | (W*P) |
|---|---|---|---|---|---|---|---|
| **Investigation** | | | | | | | |
| 161 | Comprehensive Investigation (No) | 12 | 20 | 21 | 105 | A++ | 1260 |
| 235 | Investigation of Capital Gain Tax in share transaction (No) | 6 | 7 | 4 | 57 | C | 342 |
| 206 | Investigation by Indirect Method (No), under invoicing of VAT (No) | 4 | 1 | 1 | 100 | A++ | 400 |
| 164 | Comprehensive Investigtaion / Other Investigation AA of IT ('000) | 22 | 280000 | 285510 | 102 | A++ | 2244 |
| 165 | Comprehensive Investigtaion/Other Investigation MA of VAT (000) | 24 | 220000 | 31671 | 14 | D | 336 |
| 249 | Comprehensive Investigtaion Excise Assessment (000) | 4 | 1000 | 499 | 50 | C | 200 |
| **Other Investigation** | | | | | | | |
| 162 | EDP Based Investigation (No) | 9 | 6 | 7 | 117 | A++ | 990 |
| 119 | Pre Investigation (No) | 5 | 24 | 44 | 183 | A++ | 550 |
| 376 | Updating & Reporting Of Complaint | 2 | 12 | 12 | 100 | A++ | 200 |
| **Investigation From ITS Information** | | | | | | | |
| 396 | Investigation from ITS information (No) | 8 | 46 | 17 | 37 | D | 296 |
| 397 | AA of Income tax-ITS(Amt in 000) | 2 | 10000 | 293 | 3 | D | 6 |
| 398 | MA of VAT-ITS(Amt in 000 | 2 | 10000 | 166 | 2 | D | 4 |
| | | Total Weight:100 | | | | | Total: 6828 |
| | | | | | | | Performance: 68.28%( B ) |

## यस आय वर्षमा सम्पन्न भएका कार्यहरु:

विस्तृत अनुसन्धानको लागि जम्मा २० वटा लक्ष्य तोकिएकोमा २१ वटा करदाताको अनुसन्धान सम्पन्न भई आयकर तर्फ रु.२८ करोड लक्ष्य रहेकोमा रु.२८ करोड ५५ लाख १० हजार कर निर्धारण भएको साथै मू.अ.क.र तर्फ रु.२२ लक्ष्य रहेकोमा रु.३ करोड १६ लाख ७१ हजार कर निर्धारण भएको र अन्तःशुल्क तर्फ रु.१० लाख लक्ष्य रहेकोमा रु.४ लाख ९९ हजार कर निर्धारण भएको छ। शेयर लगानीको अनुसन्धानबाट पुँजीगत लाभकर (संख्या) मा ७ वटा लक्ष्य रहेकोमा ४ वटा करदाताको कारोवार अनुसन्धान भएको छ। त्यसैगरी विद्युतीय प्रणालीमा आधारित अनुसन्धान तर्फ ६ वटा लक्ष्य रहेकोमा ७ वटा करदाताको अनुसन्धान सम्पन्त्र भएको छ। प्रारम्भिक अनुसन्धान तर्फ २४ वटा लक्ष्य रहेकोमा ४४ वटा करदाताको प्रारम्भिक अनुसन्धान भएको छ। गुनासो अद्यावधिक गर्ने सम्बन्धमा १२ वटा लक्ष्य रहेकोमा १२ वटा नै प्रगति भएको छ।

## गत आर्थिक वर्ष तथा चालु आर्थिक वर्ष को प्रगति तुलनात्मक विवरण:

| सि.न. | कार्य विवरण | आ.ब. २०८०/०८१ को लक्ष्य | आ.ब. २०८०/०८१ को प्रगति | आ.ब. २०८१/०८२ को लक्ष्य | आ.ब. २०८१/०८२ को प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विस्तृत अनुसन्धान (संख्या) | २० | १९ | २० | २१ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | शेयरहरुको अनुसन्धानबाट पुँजीगत लाभकर (संख्या) (Investigation of Capital Gain Tax in share transaction (No) | ७ | ० | ७ | ४ | |
| ४. | अप्रत्यक्ष विधिबाट अनुसन्धान (संख्या) मू.अ.करमा न्यूनविजकीकरण (Investigation by Indirect Method (No), under invoicing of VAT (No) | १ | १ | १ | १ | |
| ५. | EDP आधारमा अनुसन्धान (संख्या) | ६ | ७ | ६ | ७ | |
| ८. | प्रारम्भिक अनुसन्धान (संख्या) | २४ | १८ | २४ | ४४ | |
| ९. | विस्तृत अनुसन्धानबाट आयकर निर्धारणमा रु. हजारमा | २७२१६० | ९०६६९ | २८०००० | २८५५१० | |
| १०. | विस्तृत अनुसन्धानबाट मू.अ.कर निर्धारणको रु. हजारमा | २१७७२८ | २६५७४ | २२०००० | ३१६७१ | |
| ११. | विस्तृत अनुसन्धानबाट अन्तःशुल्क निर्धारणको रु. हजारमा | १२६० | १९८१ | १००० | ४९९ | |
| १२. | गुनासो अद्यावधिक गर्ने र प्रतिवेदन गर्ने | १२ | १२ | १२ | १२ | |
| १३. | Investigation from ITS information (No) एकीकृत कर प्रणालीमा आधारित अनुसन्धान (संख्या) | १९ | २५ | ४६ | १७ | |
| १४. | AA of Income tax-ITS(Amt in 000) ITS अनुसन्धानबाट आयकर निर्धारणमा रु. हजारमा | ८०८५८ | ७९९४१ | १०००० | २९३ | |
| १५. | MA of VAT-ITS(Amt in 000 ITS अनुसन्धानबाट मू.अ.कर निर्धारणको रु. हजारमा | ५३९०५ | ४५२९४ | १०००० | १६६ | |

## अनुसन्धानको लागि प्राप्त सूचना/ उजुरी सम्बन्धी विवरणः

| यस आय वर्ष २०८१/०८२ मा जिम्मेवारी सरी आएका सूचना/उजुरी संख्या | यस आय वर्षमा प्राप्त भएका सूचना /उजुरी | जम्मा यस आय वर्षमा प्राप्त भएका सूचना उजुरी | विस्तृत अनुसन्धानबाट फछ्यौट गरिएका करदाताको संख्या | झुट्टा तथा नक्कली विजक छानविन तथा अनुसन्धान बाट फछ्यौट गरिएका करदाताको संख्या | आन्तरिक शाखामा लगत सरि गएका करदाताको संख्या | आय वर्ष २०८२/०८३ को लागि जिम्मेवारी सरेका करदाताको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २५ | ७ | ३२ | १० | ० | ० | २२ | |

## भविष्यमा गर्नुपर्ने सुधारहरुः

- अनुसन्धान कार्यलाई विशिष्टिकृत गरी कर सम्बन्धी जोखिमका आधारमा आन्तरिक राजस्व विभाग तथा कार्यालयबाट अनुसन्धान गर्नुपर्ने करदाताको छनौट समयमा हुनुपर्ने ।
- छनौट भई आएका करदाताहरुको पूर्ण कर परीक्षण गर्ने र अनुसन्धानात्मक कर परीक्षण गर्ने विषयमा द्विविधा नहुने गरी अनुसन्धानको आधार तोकिनु पर्ने ।
- विभागबाट निर्धारण हुने कार्यात्मक लक्ष्य अनुरुप प्रगति गर्न कार्यभार विश्लेषण (Work load Analysis) का आधारमा करदाताको छनौट गर्नुपर्ने ।
- अनुसन्धानका लागि करदाताहरु छनौट गर्दा Issue Based र Risk engine अनुरुप जोखिम विश्लेषण गर्ने गर्दा Per file yield राम्रो देखिएको हुँदा आगामी आ.व.हरुमा अनुसन्धानको लागि करदाताको छनौट गर्दा Issue Based मा जोड दिनुपर्ने ।
- मूल्य अभिवृद्धि करसँग सम्बन्धित विवरण जस्तै खरिद, विक्री, कर कट्टी, भुक्तानी गर्नुपर्ने कर करदाताको Return Detail मा प्रणालीबाट नै लिन सकिने व्यवस्था प्रभावकारी भए जस्तै आयकर तर्फको वासलात तथा नाफा नोक्सान हिसाव नै ITS मा प्रविष्टि गर्ने प्रणाली विकास भएमा भविष्यमा जोखिम विश्लेषण, राजस्व प्रतिवेदन र करदाता वर्गीकरण जस्ता कार्यमा सरलीकरण गर्न श्री आन्तरिक राजस्व विभागसँग समन्वय गरी प्रणालीगत सुधार गर्नुपर्ने ।
- करदाताको कर परीक्षण र अनुसन्धान गर्ने क्रममा समन्वय र सूचनाको आदान प्रदान गर्न आवस्यक पर्ने कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग, मालपोत कार्यालय र राजस्व अनुसन्धान विभागमा रहने कर सँग सम्बन्धित सूचनाहरुलाई आन्तरिक राजस्व विभागको सूचना प्रणालीसँग आवद्ध गर्न सकेमा Real time information प्राप्त भई अनुसन्धान कार्य गुणस्तरयुक्त हुने ।

- सेवा प्रवाहलाई शीघ्र, चुस्त बनाउन समयमा नै प्रणाली सञ्चालन हुनुपर्ने हुँदा Internet connection र Software को Characteristics लाई Technically smooth गराउनुपर्ने ।
- कर्मचारीमा विशिष्ट कार्य प्रकृति बमोजिमको क्षमता विकास गर्न अभिमुखीकरण तथा तालिमको व्यवस्था गरी अधावधिक बनाउनुपर्ने ।
- EDP Based Audit लाई गुणस्तरीय बनाई यस बाट प्राप्त सूचना तथ्याङ्कको आधारमा विस्तृत अनुसन्धानसम्म पुग्नुपर्ने ।
- अप्रत्यक्ष विधि अनुसन्धान (न्युन विजकीकरण) र पुँजीगत लाभकरको छानविनका लागि करदाता छनौट र अनुसन्धानका लागि मार्गदर्शन निर्माण गर्नुपर्ने ।अप्रत्यक्ष सूचनाको आधारमा गरिने अनुसन्धानलाई जोड दिनुपर्ने ।
- स्वामित्व परिवर्तन भएका फर्मको Status स्वत ITS मा देखिने गरी प्रणाली विकास गर्नुपर्ने ।
- व्यवसायका क्षेत्रमा विश्वव्यापीकरणले तथा IT को कारणले ल्याएको चुनौतीलाई सामना गर्न उपलब्ध जनशक्तिलाई Technically complete बनाउनु पर्ने ।
- आगामी दिनमा कर परीक्षणलाई क्रमशःघटाउदै लगी राजस्व जोखिमका सूचकहरुको आधारमा अनुसन्धानमा जोड दिदै जानुपर्ने ।

## २.४ कर परीक्षण शाखा

कर परीक्षण शाखालाई पूर्ण कर परीक्षण, अग्रिम कर कट्टी परीक्षण, कर फिर्ता परीक्षण, पुनः कर परीक्षण, समूह कर परीक्षण लगायतका कार्यहरु गर्ने गरी लक्ष्य तोकिएको छ। यस शाखाअन्तर्गत कृषि, गैह्र कृषि, बहुराष्ट्रिय कम्पनी, सेवा, बैंक फाइनान्स तथा कर फिर्ता र व्यापार समूह क र ख गरी जम्मा ७ वटा उपशाखाहरु रहेका छन्।

**कर परीक्षणको लागि आन्तरिक राजस्व विभागबाट र कार्यालयबाट छनौट भएका करदाता र कर परीक्षण तथा बाँकीको आर्थिक वर्ष अनुसारको स्थिति निम्नानुसार रहेको छः**

छनौट भई करपरीक्षण हुन बाँकी करदाताको विवरण

| विगत ५ वर्ष भन्दा अघि क.प.को लागि छनौट भई क.प. हुन बाँकी फायल संख्या | आ.व.२०७७/०७८ मा छनौट भई कर परीक्षण गर्न बाँकी संख्या | आ.व.२०७८/०७९ मा छनौट भई कर परीक्षण गर्न बाँकी संख्या | आ.व.२०७९/०८० मा छनौट भई कर परीक्षण गर्न बाँकी संख्या | आ.व.२०८०/०८१ मा छनौट भई कर परीक्षण गर्न बाँकी संख्या | आ.व.२०८१/०८२ मा छनौट भई कर परीक्षण गर्न बाँकी संख्या | आगामी आ.व.का लागि जिम्मेवारी सरेका जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| ३५ | २२ | ७५ | १५५ | २६१ | १२१ | ६६९ |

करदाताको आय वर्ष अनुसार करपरीक्षण सम्पन्न हुन बाँकी करदाताको संख्या

| आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व २०७६/७७ | आ.व. २०७७/७८ | आ.व २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आगामी आ.व.का लागि जिम्मेवारी सरेका जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|
| २६ | ४ | १२ | २६ | १४५ | २४७ | २०९ | ६६९ |

विगतको अल्या, चालु वर्षको छनौट तथा यस वर्ष करपरीक्षण भई परीक्षण हुन बाँकी करदाताको विवरण

| गत वर्षको बाँकी | यो वर्षको छनौट | जम्मा | कर परीक्षण | | | प्रगति प्रतिशत | परीक्षण गर्न बाँकी वक्यौता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको | यो वर्षको | जम्मा | | गत वर्षको | यो वर्षको | जम्मा |
| ६४१ | ३१७ | ९५८ | २६१ | १२८ | ३८९ | ४०.६० | ३८० | १८९ | ५६९ |

**विगत ३ वर्ष देखिको विभिन्न विषयगत कर परीक्षणको स्थिति देहाय बमोजिम रहेको छः**

| सि.नं | कर परीक्षणको किसिम | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | जम्मा |
|---|---|---|---|---|---|
| १ | पूर्ण कर परीक्षण | ६५२ | ४६२ | ४५३ | १५६७ |
| २ | चालु वर्षको परीक्षण | ८ | ६ | ० | १४ |
| ३ | टिडियस परीक्षण | ७१ | ६६ | ७० | २०६ |
| ४ | अनुसन्धानात्मक परीक्षण | २७ | १९ | २० | ६६ |

विगत ३ वर्षको तथ्याङ्क विश्लेषण गर्दा कर परीक्षणमा कार्यालयको कार्य सम्पादनमा थप सुधार गर्नुपर्ने देखिन्छ।

## विगत ३ वर्ष देखिको कर परीक्षणबाट निर्धारित थप कर देहाय बमोजिम रहेको छः

| विवरण | आ.व.२०७९/०८० रु.हजारमा | | आ.व.२०८०/०८१ रु.हजारमा | | आ.व.२०८१/०८२ रु.हजारमा | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | स्वयंकर | संशोधित कर | स्वयंकर | संशोधित कर | स्वयंकर | संशोधित कर | |
| आयकर | १२७८१६० | १९५२०७६ | ४२३००१३ | ५०८१५०६ | ३९३४१३७ | १०५६२९० | |
| मू.अ.कर | ० | १३०२०९७ | ० | १३७८५८ | ० | २०५४८१ | |
| अन्तःशुल्क | ० | ४१४२ | ० | ९४४ | ० | ५४६७ | |
| अग्रीम कर | ० | ७८२७२ | ० | १४७६८६ | ० | २१२४१ | चालु |
| अग्रीम कर | ० | | ० | २१९५२० | ० | १८०५६४ | पूर्ण क.प. |

करपरीक्षण शाखाअन्तर्गत चालु आ.व.२०८१/०८२ मा विभिन्न करपरीक्षण उपशाखाहरुको कार्यगत लक्ष्यहरुको कार्यसम्पादन प्रगति देहाय अनुसार रहेको छः

### कर परीक्षण शाखाको उपशाखागत प्रगति विवरण
### आ.ब. २०८१/०८२

| सूचक | उपशाखा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कृषि उद्योग | गैरकृषि उद्योग | सेवा | बैंक फाइनान्स | ब्यापार | बहुराष्ट्रिय कम्पनी | जम्मा |
| गत आ.व.बाट जिम्मेवारी सरी आएका करपरीक्षण गर्नुपर्ने बिबरण संख्या | ९१ | ३८ | २३० | ९३ | १४६ | ४९ | ६४७ |
| चालु आ.व.मा विभाग तथा कार्यालयबाट करपरीक्षणका लागि छनौट भएका बिबरण | ३६ | ७९ | ४१ | ४४ | १६६ | ९ | ३७५ |
| यस आ.व.मा कर परीक्षणको लागि जिम्मेवारी सरी आएका समेत छनौट भएको जम्मा करदाता | १२७ | ११७ | २७१ | १३७ | ३१२ | ५८ | १०२२ |
| यस आ.व.मा  कर परीक्षण सम्पन्न विवरण | ८० | ४० | १२६ | ३१ | १५० | १० | ४३७ |
| निर्धारण भएको थप आयकर रु.(हजारमा) | १८७५६२ | ७२१२७ | २७४४०२ | ३२४२०६ | ४४९८२५ | २२५५१ | १०५६२९० |
| निर्धारण भएको थप मू.अ.कर रु.(हजारमा) | १८६८६ | ३८८५२ | ३३८४४ | २५०० | १४५५५१ | ४४९८ | २०५४८१ |
| निर्धारण भएको अन्तःशुल्क रु.(हजारमा) | २७४ | ५१९३ | ० | ० | ० | ० | ५४६७ |
| नोक्सानी घटाएको रकम रु. (हजारमा) | ० | ० | ५१४५२८७ | ० | २६१३२० | २६३०४० | १२४१००१२ |
| आगामी आ.व.२०८२/०८३ को लागि जिम्मेवार सरेका करदाता | ८४ | ७७ | १४५ | १३७ | १७८ | ४८ | ६६९ |
| अग्रिम कर कट्टी परीक्षण | ६ | १२ | १४ | १४ | १२ | ३ | ६१ |
| थप माग भएको अग्रिम कर कट्टी रकम रु.(हजारमा) | २११८ | १५६१९ | ७०७९ | १२२ | ४७०७ | ११९२ | ३०८३७ |
| पुन कर निर्धारण सम्पन्न संख्या | ० | ३ | १ | ० | ४ | ० | ७ |

यस आ.व.मा ४५३ करदाताको कर परीक्षण कार्य सम्पन्न गरी आयकरतर्फ रु.१ अर्ब ५ करोड ६२ लाख तथा मू.अ.करतर्फ रु.२० करोड ५४ लाख र अन्तशुल्क तर्फ रु.५४ लाख कर निर्धारण भएको छ। त्यस्तै करपरीक्षणबाट रु.१२ अर्ब ४१ करोड नोक्सानी घटाइएको छ। कर परीक्षण शाखाले समग्रमा देहाय अनुसार लक्ष्यको ७४.२९ प्रतिशत प्रगति हासिल गरेको छ।

## करपरीक्षण सूचकाङ्क अनुसारको प्रगति विवरण

Audit Section :

| Indicator Code | Indicator Name | WEIGHT (W) | Target | Performance | Percentage(P) | Grade | (W*P) |
|---|---|---|---|---|---|---|---|
| **Full Audit(No.)** | | | | | | | |
| 374 | Total (Vat, ITx & Excise) New Selection | 10 | 226 | 223 | 99 | A++ | 990 |
| 66 | Total (Vat, ITx & Excise) Old Selection | 8 | 329 | 230 | 70 | B | 560 |
| **Target for Assessment** | | | | | | | |
| 36 | Full Audit AA in ITx (in '000) | 20 | 1953854 | 1056290 | 54 | C | 1080 |
| 37 | Full Audit MA in VAT (in '000) | 20 | 429041 | 205481 | 48 | D | 960 |
| 38 | Full Audit Excise Assessment (in '000) | 4 | 8528 | 5467 | 64 | C | 256 |
| 107 | Full Audit Loss Recovery(in '000) | 8 | 2660056 | 12410012 | 467 | A++ | 880 |
| **Current Year Audit** | | | | | | | |
| 149 | Current Year Audit of VAT (No) | 2 | 0 | 0 | 100 | A++ | 200 |
| 150 | CYA MA in VAT (in '000) | 2 | 0 | 0 | 100 | A++ | 200 |
| 151 | TDS Audit ( No) | 3 | 70 | 72 | 103 | A++ | 309 |
| 152 | TDS Demand (Rs in 000) | 3 | 17990 | 21241 | 118 | A++ | 330 |
| **Refund** | | | | | | | |
| 85 | Refund(enter 1for timely refunded, else 0) | 6 | 12 | 12 | 100 | A++ | 600 |
| **Re-Assesment** | | | | | | | |
| 55 | Backlog files (Enter 1 for timely reassessed) | 7 | 12 | 12 | 100 | A++ | 700 |
| **Group Audit** | | | | | | | |
| 207 | Group Audit (No) | 3 | 2 | 3 | 150 | A++ | 330 |
| 198 | AA from Group Audit (Rs. 000) | 2 | 20000 | 2308 | 12 | D | 24 |
| 241 | MA From Group Audit (Rs. 000) | 2 | 10000 | 516 | 5 | D | 10 |
| | | Total Weight:100 | | | | | Total: 7429 |
| | | | | | | | Performance: 74.29%( B ) |

करपरीक्षण शाखातर्फ यस आ.व.मा पूर्ण कर परीक्षणतर्फ लक्ष्यको तुलनामा प्रगति हासिल नभएपनि र अग्रिम कर कट्टी परीक्षणतर्फ लक्ष्यको तुलनामा उल्लेखनीय प्रगति हासिल भएको अवस्था छ। Group Audit तर्फ २ करदाताको कर परीक्षण गर्ने लक्ष्य तोकिएकोमा ३ करदाताको कर परीक्षण गर्ने कार्य सम्पन्न भई लक्ष्यको तुलनामा १५० प्रतिशत प्रगति हासिल भएको छ । म्याद जाने (४ वर्षभित्र) पुराना विवरणहरुको प्राथमिकताका साथ करपरीक्षण गरिएको छ। श्रोतमा करकट्टी परीक्षणतर्फ ७० वटाको करपरीक्षण गर्ने लक्ष्य रहेकोमा ७२ वटाको करपरीक्षण सम्पन्न भई १०३ प्रतिशत प्रगति हासिल भएको छ। पूर्ण कर परीक्षण- मूल्य अभिवृद्धि कर तर्फ रु.२० करोड ५४ लाख थप कर निर्धारण भई लक्ष्यको तुलनामा ४८ प्रतिशत प्रगति हासिल भएको छ। श्रोतमा करकट्टी परीक्षणबाट रु.२ करोड १२ लाख थप कर रकम माग कायम गरी लक्ष्यको तुलनामा ११८ प्रतिशत प्रगति हासिल हुन सकेको छ। मू.अ.कर,

आयकर तथा अन्तःशुल्क निर्धारणतर्फ लक्ष्य अनुसार प्रगति हासिल गर्न नसकिएकाले करपरीक्षण शाखाको समग्र प्रगति ७४.२९ प्रतिशत मात्र रहन गयो। कर निर्धारणतर्फ लक्ष्य अनुसार प्रगति हासिल हुन नसक्नुका कारणहरु देहाय अनुसार रहेका छन् :

- मूल्य अभिवृद्धि कर निर्धारण र अन्तःशुल्क निर्धारणतर्फ गत वर्षको तुलनामा उल्लेख्य प्रगति भएको भएतापनि कर निर्धारणको लक्ष्य बढी भएको कारण आयकर, मूल्य अभिवृद्धि कर निर्धारणमा लक्ष्य हासिल हुन सकेको छैन।
- अन्तःशुल्क प्रशासन सम्बन्धी कार्य यस कार्यालयबाट नहुने भएको र लक्ष्य बढी तोकिएको कारण अन्तःशुल्क निर्धारणमा लक्ष्य अनुसार प्रगति हुन सकेन।
- समयमा करपरीक्षणका लागि करदाता छनौट हुन नसकेको ।
- करदाताबाट समयभित्रै पर्याप्त सहयोग नपाइएको ।

## मू.अ.कर फिर्ता सम्बन्धी विवरण

यस आर्थिक वर्षमा करदाताले मूल्य अभिवृद्धि कर विवरणमार्फत रु.१,२८,०६,५०,००५।- मूल्य अभिवृद्धि कर फिर्ता माग दाबी गरेकोमा रु.१२,४०,६४,५१०।-मात्र मूल्य अभिवृद्धि कर फिर्ता भएको छ भने तोकिएको म्यादभित्र कागजात पेश नगरेको वा अन्य विविध कारणले कर फिर्ता माग दाबी रु.१,१४,७१,७२,०२७।- अस्वीकृत गरिएको छ। यस अवधिमा भएको कर फिर्ता दाबी तथा फिर्ता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

| मूल्य अभिवृद्धि कर विवरण मार्फत कर फिर्ता माग गरिएको रकम | कर फिर्ता दाबी अस्वीकृत भएको रकम | कर फिर्ता स्वीकृत रकम | कर निर्धारण तथा बक्यौता असुली रकम | खूद कर फिर्ता/ भुक्तानी |
|---|---|---|---|---|
| १२८०६५०००५।- | ११४७१७२०२७।- | १३३४७७९७८। | ३८९३८४।- | १२४०६४५१०।- |

यस अवधिमा भएको कर फिर्ताको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | फिर्ता दाबी गरेको आधार | करदाता संख्या | फिर्ता दाबी रकम | फिर्ता भएको रकम |
|---|---|---|---|---|
| १ | नियमित निकासीकर्ता (E) | १५ | ६५७६४६२२१। | ९७४९२४२६। |
| २ | लगातार ४ महिनाभन्दा बढी क्रेडिट (C) | ०७ | ५९४१४४०४५। | २६५७२०८४। |
| ३ | Unused Payment (U) | ०२ | २८८५९७३९। | ०.०० |
| जम्मा | | २४ | १२८०६५०००५। | १२४०६४५१०। |

यसैगरी आ.व.२०८१/८२ मा यस कार्यालयबाट अन्तर्गत कुटनीतिक नियोगका परियोजनाहरुलाई मूल्य अभिवृद्धि कर फिर्ता गरिएको अवस्था छैन। यस अवधिमा भएको कर फिर्ता दाबी तथा कर फिर्ता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

| गत वर्षबाट जिम्मेवारी सरको संख्या | यस आ.व.मा दावी संख्या | जम्मा फिर्ता दावी संख्या | फिर्ता निर्णय भएको संख्या | फिर्ता दावी मू.अ.कर रकम | फिर्ता निर्णय रकम रु. | निर्णय हुन बाँकी |
|---|---|---|---|---|---|---|
| ०१ | ०५ | ०६ | - | - | - | - |

## २.५ आन्तरिक प्रशासन उपशाखा

कार्यालयको करदाता सेवा शाखा र संकलन शाखामा इन्भर्टर तथा वैकल्पिक इन्टरनेट जडान गरी कामकारवाही विद्युत नभएको समयमा समेत गर्ने व्यवस्था भएको छ। कार्यालयमा बिग्रेर मर्मत गर्नुपर्ने फर्निचर, सवारी साधन तथा ल्यापटप प्रिन्टर लगायतका मेसिनरी तथा सवारी साधनहरूको मर्मत सम्भार गरी प्रयोगमा ल्याइएको छ। साथै कार्यालयको WIfi र इन्टरनेट, टेलिफोन तथा सर्भरलाई बत्ती नभएको वेला पनि प्रयोगमा ल्याउन आवश्यक प्रवन्ध गरिएको छ।

कार्यालयमा रहेका जिन्सी मालसामान एवं सरकारी सम्पत्तिको उचित संरक्षण एवं सम्भार गरी सोको अधिकतम सदुपयोग गरिएको छ। आ.व. २०८१/८२ मा खरिद गरिएका मालसामानहरु जिन्सी खातामा आम्दानी बाँधी अभिलेख दुरुस्त एवं व्यवस्थित राखिएको छ। सबै मालसामानहरु PAMS प्रणाली मार्फत अभिलेखीकरण गरिएको एवं सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण नियमित वार्षिक रुपमा गर्ने गरिएको छ।

हरेक महिनामा कर्मचारी बैठक गरी कार्यालयको वार्षिक कार्यायोजना बमोजिम मासिक कार्यसम्पादनको समीक्षा गर्ने गरिएको। त्यस बैठकबाट पृष्ठपोषण प्राप्त गरी आगामी कार्यदिशा, अतिरिक्त निर्णय सहजीकरण एवं कार्यालय व्यवस्थापनमा सहजता भएको छ।

प्रत्येक आइतबार कर व्यवस्थापन समुहको बैठक बसी विभागिय निर्देशन/ परिपत्रको बारेमा छलफल गर्ने र शाखागत समन्वय गरी कार्यालयको समग्र प्रगति प्राप्त गर्ने तर्फ दिशा निर्देश गरिएको छ।

## २.६ आर्थिक प्रशासन उपशाखा

यस आर्थिक वर्षमा चालुतर्फ रु.१०,४१,१२,३२६/०० विनियोजन भएकोमा जम्मा रु.९,९८,९३,१४५/३८ खर्च भै ९५.९४ प्रतिशत वित्तीय प्रगति र पुँजीगत तर्फ रु.५०,००,०००/०० विनियोजन भएकोमा रु.४६,७६,६२२/०० खर्च भै ९३.५३ प्रतिशत वित्तीय प्रगति र ९३.५३ प्रतिशत भौतिक प्रगति भएको छ । बिनियोजन तर्फ बेरुजु नरहेको अवस्था छ ।

# ३. कार्यालयको समष्टिगत प्रगति विश्लेषण

कार्यालयको राजस्व सङ्कलनमा महत्वपूर्ण योगदान रहेको धितोपत्र (नेप्से रु.६ अरव ५५ करोड) Log on/ Log off को कारणबाट यस कार्यालयबाट सरी गएको अवस्था छ । मूल्य अभिवृद्धि कर तर्फ उत्पादन बापतको मूल्य अभिवृद्धि करको हिस्सा ठूलो रहेकोमा सोको बृद्धिदर गत आर्थिक वर्षको तुलनामा न्यून (०.८८ प्रतिशत) रहन गयो । त्यस्तै मूल्य अभिवृद्धि कर तर्फ पर्यटन सेवा, सञ्चार, विमा, हवाई र अन्य सेवा तथा बेदर्तावाल (रिभर्स चार्ज) तर्फ असुली हुने मूल्य अभिवृद्धि कर ऋणात्मक रहन पुग्यो । यद्यपि कार्यालयले कार्ययोजना निर्माण गरी तद्अनुरुप राजस्व संकलनका लागि गरिएका सामूहिक प्रयासबाट यस वर्ष रु.१८ अर्ब ४१ करोड कुल राजस्व सङ्कलन भई लक्ष्यको तुलनामा ७६.३० प्रतिशत प्रगति हासिल भएको अवस्था छ।

करपरीक्षणतर्फ ४५३ करदाताको कर परीक्षण कार्य सम्पन्न गरी आयकरतर्फ रु.१ अर्ब ५ करोड ६२ लाख तथा मूल्य अभिवृद्धि कर तर्फ रु.२० करोड ५४ लाख र अन्तःशुल्क तर्फ रु.५४ लाख कर निर्धारण भएको छ। त्यस्तै करपरीक्षणबाट रु.१२ अर्ब ४१ करोड नोक्सानी घटाइएको छ। म्याद जाने (४ वर्षभित्र) विवरणहरुको प्राथमिकताका साथ करपरीक्षण गरिएको छ।यस कार्यालय अन्तर्गतका सबै करदाताहरुको करपरीक्षण गर्नुपर्ने हुँदा म्यादभित्रै करपरीक्षण गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिएको छ ।

विभिन्न निकायबाट कार्यालयमा प्राप्त सूचना /उजुरीहरुको छानबिन अनुसन्धानबाट आयकर तर्फ रु.२८ करोड ५५ लाख १० हजार, मूल्य अभिवृद्धि कर तर्फ रु.३ करोड १६ लाख ७१ हजार र अन्तःशुल्क तर्फ रु.४ लाख ९९ हजार कर निर्धारण गरी सूचना/उजुरीहरुको उल्लेख्य रुपमा कार्य पछ्यौंट गरिएको छ।

यस कार्यालयअन्तर्गतका थप २५ करदातालाई CBMS प्रणालीमा आवद्ध गरिएको छ। कर बक्यौता सङ्कलन, बेरुजु पछ्यौंट, बायोमेट्रिक प्रणालीमा दर्ता लगायत शाखागत रुपमा तोकिएका विभिन्न कार्यगत लक्ष्यहरुको कार्यसम्पादन प्रगति सन्तोषजनक रहेको छ।

यस आर्थिक वर्षमा शाखागत रुपमा करदाता सेवा शाखाको कार्यसम्पादन ८३.९५ प्रतिशत (A), सङ्कलन शाखाको कार्यसम्पादन ७८.२९ प्रतिशत (A), करपरीक्षण शाखाको कार्यसम्पादन ७४.२९ प्रतिशत (B) र अनुसन्धान शाखाको कार्यसम्पादन ६८.२८ (B) रही कार्यालयको समग्र

कार्यसम्पादन गत आ.ब.मा ७०.४१ प्रतिशत (B) रहेकोमा यस आ.ब.मा ७६.८२ प्रतिशत (A) प्रगति भई गत आ.ब. भन्दा कार्यालय एक ग्रेड माथि उक्लेको अवस्था छ ।

## ४. समस्या तथा चुनौतीहरु

- कार्यालयको राजस्व सङ्कलनमा धितोपत्र (नेप्से) कारोबारको योगदान महत्वपूर्ण रहदैं आएकोमा Log on/ Log off को कारणबाट यस कार्यालयबाट ठूला करदाता कार्यालय सरी गएकोले लक्ष्यको तुलनामा राजस्व सङ्कलन प्रभावित भएको।
- देशव्यापी रुपमा कार्यक्षेत्र रहेकाले उपत्यका बाहिर समेत विभिन्न प्रदेशमा छरिएर रहेका करदाताहरुको कारोबारको अनुगमन गर्न कठिनाई हुने गरेको ।
- कर्मचारीको लागि सूचना प्रविधि सञ्चालनको म्यानुअल नभएको र नयाँ नयाँ प्रणाली थपिदै जाने तर सोको प्रयोगबारे जानकारी नहुने अवस्था रहेको।
- एउटै व्यावसायिक समूहको नियन्त्रणमा रहेका करदाता अन्य कार्यालयको कार्यक्षेत्रअन्तर्गत समेत पर्ने हुँदा Group Audit मा जटिलता रहेको।
- आर्थिक ऐन, २०८१ ले व्यवस्था गरेको Scheme का कारण आर्थिक वर्षाको पछिल्लो अवधिमा कतिपय बक्यौता असुली तथा पहिला कायम भएको ठूलो वेरुजु रकम फछ्र्यौट हुन नसकेको ।
- आर्थिक ऐन, २०८१ ले व्यवस्था गरेको Scheme ले कर बक्यौता संकलनमा असर गरेको ।
- करदाताबाट माग भएका कागजात एवं विवरण समयमै प्राप्त नहुँदा सबै करदाताहरुको म्यादभित्रै करपरीक्षण सम्पन्न गर्न कठिन हुने गरेको ।
- करदाताको कर परीक्षण र अनुसन्धान गर्ने क्रममा आवश्यक पर्ने कम्पनी रजिष्ट्रार कार्यालय, उद्योग विभाग, मालपोत कार्यालय एवं राजस्व अनुसन्धान विभागमा रहने करसँग सम्बन्धित सूचनाहरुलाई आन्तरिक राजस्व विभागको सूचना प्रणालीसँग आवद्ध हुन नसक्दा आवश्यक सूचना समयमै प्राप्त गर्न नसकिएको।
- कर्मचारीमा विशिष्ट कार्य प्रकृति बमोजिमको क्षमता विकास गर्न नियमित अभिमुखीकरण तथा तालिमको व्यवस्था पर्याप्त हुन नसकेको ।
- अन्य कार्यालयबाट फाइल हस्तान्तरण भई आउँदा करदाताका शुरु दर्ताका अभिलेखहरु, करपरीक्षणका सबै फाइल प्राप्त हुन नसक्दा अदालतबाट फाइल माग हुँदा समेत उपलब्ध गराउन कठिनाई भएको।

## ५. आगामी कार्यदिशा

- वार्षिक कार्ययोजना तर्जुमा एवं कार्यान्वयन गरी निर्धारित राजस्व लगायतका लक्ष्य गुणात्मक रुपमा हासिल गर्ने ।
- कर गणना तथा दाखिला भएको कर तथा TDS रकम आय विवरणको अनुसूची-१० मा स्वचालित रुपमा जाने व्यवस्था र आयकर ATR लाई पूर्णरुपमा कार्यान्वयन हुने प्रबन्ध गरी सबै प्रकारका करचुक्ता प्रमाणपत्र System बाटै स्वचालित रुपमा जारी हुने व्यवस्था मिलाउने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी कार्यालयबाट प्रदान गरिने सेवा छिटो छरितो रुपमा उपलब्ध गराई लागत घटाउने ।
- स्वैच्छिक रुपमा कर सहभागिता र कर परिपालनामा अभिवृद्धि गर्न प्रदेशगत रुपमा स्थानीय तवरमै करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनलाई सघन बनाउने । करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमको साथमा ननफाईलर न्यूनीकरण, कम्प्यूटर बिलिङ्ग अनुगमन, बेरुजु फछ्र्यौट र बक्यौता सङ्कलनका लागि सङ्कलन भ्रमण लगायतका कार्यक्रम समेत संयुक्त रुपमा सञ्चालन गर्ने ।
- राजस्व जोखिमका सम्भाव्य क्षेत्र पहिचान गरी करपरीक्षण तथा अनुसन्धान मार्फत कार्यालयको राजस्व सङ्कलनको लक्ष्य प्राप्तिमा योगदान गर्ने। राजस्व जोखिमको पर्याप्त विश्लेषण गरी समयमै करपरीक्षणका लागि करदाता छनौट गर्ने र समय भित्रै करपरीक्षण सम्पन्न गर्ने।
- सूचना प्रविधिको उच्चतम उपयोग गर्दै विभिन्न निकायबीच छरिएर रहेका कारोबार सम्बन्धी तथ्याङ्कहरुलाई एकीकृत गरी कारोबारको अध्ययन विश्लेषण गर्ने ।
- म्याद जाने (४ वर्षभित्र) विवरणहरुको समयमा करपरीक्षण सम्पन्न गरी कारोबार भएकै वर्षहरुको सूचनामा आधारित रहेर प्रदर्शनीय प्रभाव पार्ने गरी अनुसन्धान र करपरीक्षण गर्ने ।
- म्याद जाने फाइलहरु शून्यमा झार्ने तथा पुराना आर्थिक वर्षको कर परीक्षण गर्न विशेष कार्ययोजना बनाई विशेष अभियानका साथ कर परीक्षण गर्ने।
- करपरीक्षण तथा अनुसन्धानमा संलग्न कर्मचारीहरुलाई विशिष्ट कार्य प्रकृति बमोजिमको क्षमता विकास गर्न नियमित रुपमा तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गर्ने ।

अन्त्यमा, अर्थ मन्त्रालय एवं आन्तरिक राजस्व विभागबाट प्रदान भएको नीति, निर्देशन र लक्ष्य बमोजिम स्थापनाकालदेखि हालसम्म यस कार्यालयको कार्यसम्पादनस्तर सन्तोषजनक नै रहेको छ । तथापि, विशिष्टिकृत रुपमा कर प्रशासनको क्षमता स्तरोन्नति गरी कर कानूनको परिपालन र कर सहभागितामा अभिवृद्धि गर्ने चुनौतीलाई व्यवस्थापन गर्ने निहीत उद्देश्यबाट यस कार्यालयको

स्थापना एवं संचालन भएको हुँदा संगठनात्मक क्षमता विकास, उपयोग एवं सम्भावनाको निरन्तर खोजी गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ ।